जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक १९१ २०८० साल फागुन १८ गते शुक्रबार (1 Mar. 2024 Friday) मूल्य रु. ५/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : राष्ट्रियसभामा ६ वर्षको अनुभव. ३ पृष्ठमा : छाडा चौपाया व्यवस्थापनको ... ३ पृष्ठमा भारतमा सडक दुर्घटनामा१५ ...

# विरोधका लागी सडकमा पोख्न तयार गरिएको दुध गोरख बनाएर यात्रुलाई खुवाइयो





**दैनिक समाचारदाता**
**राजविराज, १७ फागुन ।**

दुग्ध उत्पादक किसानहरुले विहीवार सप्तरीको महुली सडकखण्डमा प्रर्दशनसहित सडक जाम गरेका छन् । पुर्व पश्चिम राजमार्ग अवरुद्ध गर्दै सयौंको संख्यामा उपस्थित किसानहरुले दुध ढुवानी गर्ने ट्याँकर सडक मै तेर्स्याएर प्रर्दशन र चक्का जाम गरे ।

दुध वापतको करौडो रुपैया भुक्तानी, भारतबाट अवैध रुपमा भित्रिने गरेको दुध तथा दुग्धजन्य पर्दाथमा रोक, दुधको मूल्यमा एकरुपता लगायतका विभिन्न माग राखी उनीहरु आन्दोलनमा उत्रेका हुन् । दुधको ट्याँकरलाई सडक मै तेर्स्याएर अवरोध गरेपछि दिउँसो १२ बजेदेखि दिउसो १ बजे सम्म राजमार्गको आवागमन पुर्णरुपमा ठप्प बन्यो ।

दुग्ध उत्पादक सहकारी संस्थामा आबद्ध किसानहरुले यस अघि घोषणा गरेको सडक मै दुध पोखेर विरोध गर्ने कार्यक्रम परिवर्तन गरी चक्का जामका कारण रोकिएका सवारी सधानका यात्रुलाई दुधको गोरख बनाएर खुवाएका छन् ।

दुधलाई पोखेर नस्ट गर्नू भन्दा अरुलाई निःशुल्क खुवाउनु नै उचित हुने भनी दुग्ध उत्पादक किसानहरुको सुझाव आएपछि सडकमा दुध पोख्ने कार्यक्रम परिवर्तन गरिएको संघर्ष समितिका संयोजक दिपेन्द्र कुमार आर्चायले बताए ।

सडक मै नाचगान गरेर विरोध जनाएका आन्दोलनकारीहरुले दुधको ८ करोड भन्दा बढी बाँकी बक्यौता भुक्तानी गर, दूधको मुल्यमा एकरुपता कायम गर, कृषिमा विचौलियाको अन्त्य गर, भारतीय दुधको प्रवेशमा रोक लगाउ, स्वदेशी उत्पादकलाई प्रोत्साहन गर लगायतका नारा अंकीत प्लेकार्ड सहित नाराबाजी समेत गरे ।

सरकारको ध्यानाकर्षण गराउन आफुहरु यस किसिमको सडक संर्घषमा उत्रिन बाध्य भएको संघर्ष समितिका संयोजक आर्चायको भनाई छ । उनले धर्ना र सडक जाम लगायतका कार्यक्रमबाट पनि सरकारले समस्या समाधानका लागी गम्भिरता नदेखाए फागुन २१ देखि काठमाण्डौ माईतीघर मण्डेलमा पुगी आन्दोलन चर्काउने चेतावनी समेत दिएका छन् ।

दुग्ध उत्पादक किसानहरुले सरकारी स्वामित्वमा रहेको विराटनगर स्थित दुग्ध विकास संस्थान वितरण आयोजनामा ४ करोड तथा अन्य निजी डेरी उधोगमा ४ करोड गरी किसानहरुले बेचेको दुधवापत ८ करोड रुपैया विगत ९ महिना देखि भुक्तानी पाउन नसकेको बताएका छन् ।

दुग्ध उत्पादक किसानहरुको समस्यालाई लिएर पटक/पटक स्थानीय प्रशासनदेखि संघिय सरकार सम्म लिखित र मौखिक जानकारी गराउँदा पनि कुनै पहल नभएको किसानहरुको गुनासो छ ।

मधेश प्रदेशका ८ जिल्ला मध्ये सबै भन्दा बढी सप्तरीमा दुध उत्पादन हुने गरेको छ । दुग्ध उत्पादक सहकारी संस्था सप्तरीका अनुसार जिल्लामा दैनिक २५ हजार लिटर दुध उत्पादन हुने गरेको छ । जुन मधेश प्रदेश मै सबै भन्दा बढी हो ।

# तराई मधेसमा पिउने पानी र सिँचाइको व्यवस्था गराउन सरकारको ध्यानाकर्षण

काठमाडौँ, १७ फागुन (रासस) ।

तराई/मधेस क्षेत्रमा पिउने पानी तथा सिँचाइको अभावका कारण जनता प्रभावित भएको विषयमा सांसदले सरकारको ध्यानाकर्षण गराउनुभएको छ । राष्ट्रियसभाको बिहीबारको बैठकको शून्य समयमा सांसद तुलसाकुमारी दाहालले मधेसका जनतालाई शुद्ध पिउने पानीको व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

उहाँले चुरेको दोहन रोकेर संरक्षण गर्न, मधेसका जलाशयको संरक्षण गर्न तथा अन्न भण्डारको क्षेत्र रहेको मधेसमा सिँचाइको व्यवस्था मिलाउन सरकारसँग आग्रह गर्नुभयो । सांसद् जगप्रसाद शर्माले विनियोजित बजेट खर्च नहुने प्रवृत्तिको अन्त्य हुनुपर्ने उल्लेख गर्दै समस्याको समाधान खोज्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद तारामान स्वाँरले सुदूरपश्चिमको विकास र अर्थतन्त्रको मेदरुदण्डमा रहेका सेती र महाकाली लोकमार्ग निर्माणलाई तीव्र बनाउन तथा आगामी आवका लागि बजेटको सुनिश्चितता गराउन माग गर्नुभयो । सांसद भगवती न्यौपानेले भानुभक्तको जन्मस्थललाई पर्यटकीय स्थलका रूपमा विकास गर्न आग्रह गर्नुभयो ।

सांसद बिमला घिमिरेले मिटरव्याज पीडित तथा किसानका माग तत्काल पूरा गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद सुमित्रा विसीले जाजरकोटका भूकम्पपीडित पालभित्र बस्न बाध्य रहेको उल्लेख गर्दै तत्काल आवास पुनःनिर्माणको प्रक्रिया अघि बढाउन सुझाव दिनुभयो ।

# महाशिरात्रीको तयारी तिब्र

**दैनिक समाचारदाता**
**राजविराज, १७ फागुन ।**

राजविराज ७ स्थित हरिनन्देश्वर महादेव मन्दिरमा महाशिवरात्री पर्वको तयारी तिब्र रुपमा भइरहेको छ । यस वर्ष महाशिवरात्रीको अवसरमा एक लाख भन्दा बढी श्रद्धालु आउने अनुमानसहित आवशयक तयारी सुरु गरिएको हो ।




यस पल्ट फागुन २५ गते शुक्रवारका दिन महाशिवरात्री परेको छ । विहीवार मन्दिर संरक्षण तथा सम्बर्द्धन समितिका अध्यक्ष ध्रुव प्रसाद देवको अध्यक्षतामा वसेको बैठकले महाशिवरात्रीका दिन यस पटक एक लाख भन्दा बढी श्रद्धालु आउने विश्वासका साथ आवश्यक तयारी शूरु गरेको छ ।

महाशिवरात्रीको तयारीका लागी रंगरोगन, सरसफाई, मञ्च व्यवस्थापन, दिपोत्सव, महाआरती लगायतका काम अघि बढाउन विभिन्न उपसमिति समेत गठन गरिएको अध्यक्ष देवले बताए ।

मन्दिरको रंगरोगनको जिम्मा राजविराज नगरपालिकाले लिएको समितीका सदस्य संजय कुमार झाले बताए । भक्तजनलाई व्यवस्थित तरिकाले दर्शन गर्ने व्यवस्थाका लागी स्वयसेवकका साथै जिल्ला प्रहरी कार्यालयको समन्वयमा सुरक्षा व्यवस्था मिलाईने तयारी भएको अध्यक्ष देवले बताए ।

मुल पुजारी महेश्वर भारतीले यस पल्ट मन्दिर परिसरमा भजन, किर्तन, अष्टयाम लगायतका धार्मिक कार्यक्रमका साथै १ लाख २५ हजार दीपप्रज्जवलन तथा महाआरती कार्यक्रमको समेत आयोजना गर्ने निर्णय भएको जानकारी दिए ।

यस्तै जिल्लाको शम्भुनाथ, अंकुरी महादेव, लालेश्वरनाथ, डाक्नेश्वरी लगायतका शिवालयहरुमा पनि महाशिवरात्रीको तयारी शूरु गरिएको सम्बद्ध मन्दिर समितीले जनाएको छ ।

# मानव बेचबिखनमा संलग्न मियाँ पक्राउ

काठमाडौँ, १७ फागुन (रासस) ।

नेपाल प्रहरीले मानव बेचबिखन कार्यमा संलग्न एकजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा पश्चिम नवलपरासीको प्रतापुर गाउँपालिका-४ का ४७ वर्षीय मुर्तुजा मियाँ रहेका छन् । उनलाई प्रहरीले पक्राउ गरी बिहीबार सार्वजनिक गरेको हो ।

कुवेतमा घरेलु काममा लगाईदिने प्रलोभनमा पारी एक महिलालाई श्रीलङ्का पुऱ्याई बेचबिखन गरेको आरोपमा मियाँलाई पक्राउ गरेको प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरोका प्रवक्ता, प्रहरी उपरीक्षक ज्ञानेन्द्रप्रसाद फुँयालले जानकारी दिनुभयो । मियाँले पीडित महिलालाई सुनौली हुँदै भारतको नयाँदिल्ली पुऱ्याइ त्यहाँका एजेन्टमार्फत श्रीलङ्का पठाएको अनुसन्धानका क्रममा खुलेको उहाँले बताउनुभयो ।

पीडित महिला श्रीलङ्का पुगेपछि त्यहाँ उनलाई ६८ दिनसम्म राहदानीलगायत कागजात जफत गरी बन्धक बनाएर राखेको खुलेको छ । उनलाई मानसिक यातना दिने तथा कुटपिट गर्ने गरेको पाइएको प्रवक्ता फुँयालले बताउनुभयो । पक्राउ परेका मियाँलाई जिल्ला अदालत काठमाडौँबाट सात दिनको म्याद थप गरी अनुसन्धान भइरहेको ब्यूरोले जनाएको छ ।

## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर

विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप आदि) को अधिक प्रयोगले:

- बालबालिकाको आँखाको ज्योति कमजोर हुने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरुसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रतिकुल प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारिरीक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले,

बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट हुने जोखिमबाट बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### सामाजिक संजालबाट हुने ठगिबाट सचेत रहौं

अहिले सामाजिक संजालबाट हुने ठगि बढ्दै गएको छ । विभिन्न प्रलोभन देखाएर सामाजिक संजालको माध्यमबाट व्यक्तिहरु ठगिने गरेका छन् । जसले गर्दा व्यक्ति व्यक्तिबीच सम्बन्ध समेत बिग्रिदै गएको छ । इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ । कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिर्वतन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध हो ।

जुनसकै बेला पनि मोबाइलमार्फत सामाजिक संजाल अल्झिरहनुले घर वा बाहिर एक मानिसले अर्को मानिससँग बोल्न सम्म भ्याइरहेका हुँदैनन् । फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन् । सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ भने प्रत्यक्ष रुपमा सम्बन्ध समेत बिगार्दै गएको छ । यसले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग समेत भइरहेको छ । यसबाट हुने अपराधलाई साइबर अपराध भनिन्छ ।

सामाजिक संजालको प्रयोग अन्य कामहरु सकेर फुर्सतको बेला गर्दा उपयुक्त हुने तथा यसलाई बानीमा परिणत नगरि मनोरञ्जनको रुपमा लिनु पर्दछ । तसर्थ यस्ता अपराध हुनबाट जोगिन व्यक्ति आफै सतर्क हुनु जरुरी छ । यसको प्रयोग सीमित मात्रा गर्नु पनि उत्तिकै आवश्यक छ ।

# राष्ट्रियसभामा ६ वर्षको अनुभव सुनाउँदै सांसद

काठमाडौँ, १७ फागुन (रासस) । राष्ट्रिसभाको छवर्षे कार्यअवधि पूरा गरेका सदस्यले सभाको ओज र गरिमालाई उच्च राख्न सुझाव दिनुभएको छ ।

सभाको बिहीबारको बैठकमा यही फागुन २० गतेदेखि पदावधि सकिएर बिदाइ हुँदै गरेका सदस्यले सभामा आफ्नो अनुभव सुनाउँदै सुझावसमेत प्रस्तुत गर्नुभएको हो ।

राष्ट्रिसभा र त्यसअन्तर्गतका विषयगत समिति एवं समग्र संसदीय अभ्यासको अनुभव सुनाउँदै राष्ट्रियसभा सदस्य इन्दु कडरियाले कौतहुलता र उत्साहका साथ सदन प्रवेश गरेको दिन सम्झँदै आगामी दिनमा सभामा गैरसंसदीय अभ्यास नगर्न सुझाव दिनुभयो ।

उहाँले भन्नुभयो, "गैरसंसदीय अभ्यास पनि अनुभव गरियो । सरकारमा भएका पार्टीको खिचातानीले सदन जुनसुकै बेला बन्द, अवरोध गर्ने र अध्यादेशमार्फत संसद्को भूमिका खुम्चाउने अभ्यास पनि अनुभव गरियो । अब यस्तो नहोस् भन्ने अनुरोधसमेत गर्दछु ।" सांसद कडरियाले सदनमा बोल्ने कम समय पाएको भन्दै बोलेका कुरामा सरकारले गम्भीरतापूर्वक नलिने प्रवृत्ति सुधार हुनुपर्नेमा जोड दिनुभयो ।

"कञ्चनपुरमा हात्तीको आतङ्क, डुबान, सीमा क्षेत्रको समस्या, दुई छिमेकी देशबीचका जनतामा आवतजावतमा परेको सास्ती र महँगीलगायत कुरामा बोलियो । यसरी राष्ट्रियस्तर र जनसरोकारका मुद्दा उठाउँदा जनताको प्रशंसाले आफूमा सकारात्मक ऊर्जा थपेको छ", उहाँले भन्नुभयो, "सदनमा बोल्न निकै कम अवसर पाइनेरहेछ । सबै सांसदलाई समय छुट्याउँदा एउटा अधिवेशन सकिँदासम्म मुस्किलले तीन-चार पटक बोल्ने अवसर पाइनेरहेछ ।"

सांसद कडरियाले सभाको सदस्य बन्ने अवसरको लागि आफ्नो पार्टी नेकपा (एमाले) प्रति कृतज्ञता प्रकट गर्दै अपेक्षाअनुरुप काम हुन नसकेको बताउनुभयो । "लाग्दथ्यो सदनमा बोलिसकेपछि त्यो कार्यान्वयनमा आउँछ तर यर्थाथमा बोलेका सबै कुरा कार्यान्वयन नहुँदा रहेछन्अरु", उहाँले भन्नुभयो ।

सदस्य कुमार दसौदीले सदनमा उठेका मुद्दाप्रति सरकार गम्भीर हुनुपर्नेमा जोड दिनुभयो । आफ्नो कार्यावधिभरको अनुभव सुनाउँदै उहाँले भन्नुभयो, "जनप्रतिनिधिले उठान गरेका जनसरोकारका मुद्दालाई सरकारले गम्भीरताका सथा लिन सकेमात्र सार्थकता हुने र सदनको गरिमा बढ्छ ।" उहाँले आफ्नो जिल्लामा शिक्षा, स्वास्थ्य र रोजगारीका लागि पुनः ध्यानार्कषणसमेत गराउनुभयो ।

"रोल्पा द्वन्द्वग्रस्त मुख्य थलो हो । अहिले पनि त्यहाँका नागरिक द्वन्द्वका कारण आर्थिक र मानसिकरूपमा कमजोर छन् । रुसी सेनामा जान बाध्य छन् । यो विक्षिप्त अवस्थालाई त्यसको शोधभर्ना गर्नका लागि कम्तीमा पनि मनोपरामर्शको उपचार सेवा उपलब्ध गराउन आवश्यक छ", उहाँले भन्नुभयो ।

समसामयिक विषयसमेतमा ध्यानाआर्कषण गराउँदै सांसद दसौदीले दुई दशकदेखि निर्माणाधीन सहिदमार्ग यथाशीघ्र सम्पन्न गर्न माग गर्नुभयो । उहाँले दलीय राजनीतिमा दलीय स्वार्थका कुरा राख्नुपर्ने भन्दै सदनमा दलभन्दा माथि उठेर जनताका साझा मुद्दाका कुरा गर्नुपर्ने बताउनुभयो ।

सदस्य डा खिमलाल देवकोटाले आफ्नो तीन वर्षको संसदीय अभ्यास, अनुभव र ज्ञानका लागि सदन विश्वविद्यालयसरह रहेको बताउनुभयो । "राजनीति गर्नुको लक्ष्य नेतृत्वको लागि हुन्छ । मन लागेसम्म नेतृत्वमा बस्ने र सांसद बन्ने गर्नु हुँदैन । म बैठकको करिब ९४ प्रतिशत अर्थात् एक सय ३० दिन उपस्थिति जनाएको छु । मैले १३ घण्टा बढी बोलेको छु । औषतमा अन्य सदस्यभन्दा यो तीन गुणा बढी समय हो । स्थानीय तह र प्रदेशका सरोकारका विषयमा बोल्ने अवसर पाएँ", उहाँले अनुभव सुनाउँदै भन्नुभयो ।

सांसद देवकोटाले मन्त्रीसँग सवालजवाफ गर्न नसकेकोप्रति गुनासो व्यक्त गर्दै सदन समयमा नै सुरु हुनु सकारात्मक अभ्यास भएको बताउनुभयो । उहाँले राष्ट्रियसभाको ओज कायम राख्न प्रतिनिधिसभा नरहेको समयमा प्रतिनिधिसभाले गर्ने र विधेयकको प्रथम र अन्तिम 'रिडिङ'यस सभाले नै गर्नुपर्नेमा जोड दिनुभयो । संविधानको भावना र आशयअनुसार सदस्यको प्रतिनिधित्व हुनुपर्ने उहाँको सुझाव छ ।

बैठकमा आफ्नो अनुभव सुनाउँदै सदस्य दीपा गुरुङले अनुशासित, सक्षमतासहितको प्रस्तुति र कानुन निर्माणको भूमिकाले संसदीय अभ्यास अविस्मरणीय रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "जनता जनप्रतिनिधिप्रति आशावादी छन् । सरकारलाई जनताप्रति उत्तरदायी बन्न आग्रह गर्छु ।" उहाँले आफ्नो पार्टी नेकपा (एमाले)प्रति आभार प्रकट गर्दै छ वर्षको समयमा प्रतिपक्ष र सत्तापक्षको भावबाट माथि उठेर काम गरेको दाबी गर्नुभयो ।

यस्तै सदस्य दिलकुमारी थापा रावल (पार्वती)ले मौलिक हकका लागि बन्नुपर्ने कानुनका लागि सङ्कल्प प्रस्ताव पेस गरेको स्मरण गर्दै सार्वजनिक महत्वको प्रस्तावअन्तर्गत सडक सुरक्षामाथिको प्रस्तावलाई आगामी दिनमा छलफल अघि बढाउन आग्रहसमेत गर्नुभयो । उहाँले शून्य समयमा राष्ट्रिय सरोकारको विषय उठाएको स्मरण गर्दै भन्नुभयो, "नक्कली भुटानी शरणार्थी प्रकरणको विषयमा पहिलोपटक यस सदनको शून्य समयमा प्रश्न उठाएर ध्यानार्कषण गराउने अवसर प्राप्त भयो ।"

सांसद रावलले विवादरहित समिति सञ्चालन गरेको भन्दै कोरमको अभावमा बैठक स्थगनसमेत नभएको दाबी गर्नुभयो । उहाँले संसदीय अनुगमन प्रभावकारी बनाउन सुझाव दिँदै संयुक्त अनुगमन र निर्देशनका लागिसमेत सुझाव दिनुभयो । संसदभित्र विज्ञ 'रोस्टर'को व्यवस्थाका लागि उहाँले आग्रह गर्नुभयो । सांसद रावलले राष्ट्रियसभाले सदन सञ्चालन समयमै गरर सकारात्मक काम गरेको बताउनुभयो ।

सदस्य नरपति लुवारले सभाको गरिमा बढाउनेगरी काम गर्न नवनिर्वाचित सदस्यलाई सुझाव दिनुभयो । उहाँले संविधानले व्यवस्था गरेका हक कार्यान्वयनको सम्बन्धमा सदन र सरकारको ध्यानार्कषण गराउनुभयो ।

सदस्य प्रकाश पन्थले संसद्प्रति सरकारलाई जवाफदेही र जिम्मेवार बनाउन अझ सशक्त भूमिका निर्वाह गर्न सुझाव दिनुभयो । उहाँले सूचना प्रविधिको अधिकतम प्रयोग गर्दै सदन र समितिलाई आधुनिक बनाउँदै लैजानुपर्नेमा जोड दिनुभयो ।

"छ वर्षको कार्यकलमा दुईपटक प्रतिनिधिसभा भङ्ग भयो । एकपटक निर्वाचन र तीनपटक प्रतिनिधिसभाविहीन अवस्थामा यस सदनमा हामीले काम गर्नुपर्‍यो", सांसद पन्थले भन्नुभयो, "दुखद् कुरा, मौलिक हक कार्यान्वयनका लागि आएका विधेयक फटाफट यताबाट आएर उता गए । हामीले छलफल गरेर पास गर्न पाएनौँ । ती सबै विधेयकमा फेरि काम गर्नुपर्ने अवस्था छ ।" उहाँले आफूले राष्ट्रिय सरोकार तथा समन्वय समिति र दिगो विकासको सभापतिका रूपमा शतप्रतिशत भूमिका निर्वाह गरेको बताउनुभयो ।

सदस्य महेशकुमार महराले सभामा सुदूरपश्चिम क्षेत्रको आवाज उठाएको स्मरण गर्दै सरकारले धेरै विषयमा चासो व्यक्त नगरेको बताउनुभयो । उहाँले सभाको ओज र गरिमा बढाउनतर्फ सबै लाग्नुपर्ने सुझाव दिनुभयो । उहाँले भन्नुभयो, "विगतमा जनसरोकारका मुद्दा उठाउँदा सरकार मौन रहेको देखियो । सांसदले राखेका समस्याप्रति पछिल्लो सरकार गम्भीर हुनुपर्छ ।"

अर्का सदस्य सूर्यबहादुर विश्वकर्माले जनताको आवश्यकता, चाहना र भोगिरहेका समस्या सम्बोधनका लागि सरकार र सदनको ध्यानार्कषण गराएको स्मरण गर्नुभयो । उहाँले किसानका समस्या र आवश्यकताबारे सभामुखमार्फत पुनः सरकारको ध्यानार्कषणसमेत गराउनुभयो । स्थायी सदन भएकाले सरकार र संसद्को आवश्यकताअनुसार जनतालाई अधिकारसम्पन्न बनाउन केन्द्रित हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

यस्तै सदस्य हरिराम चौधरीले राष्ट्रिसभाको अस्तित्वबारे उठ्ने प्रश्नलाई चिर्दै यसको गरिमा बढाउन सुझाव दिनुभयो । उहाँले सभाको सदस्यका रूपमा भूमिका निर्वाह गर्ने अवसरकाबारे कृतज्ञता व्यक्त गर्दै भन्नुभयो, "यो अवसरमा देशमा व्याप्त रहेको गरिबी, शिक्षा, स्वास्थ्य र रोजगारीदेखि हरेक क्षेत्रमा रहेका समस्याका बारेमा हामीले बहस गर्ने अवसर प्राप्त गर्‍यौं", उहाँले राष्ट्रियसभाभित्र सबै प्रकारका क्लस्टर सुरक्षित गरेता पनि आदिवासी जनजातिको क्लस्टर सुरक्षित गर्न असमर्थक रहेको बताउनुभयो ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# छाडा चौपाया व्यवस्थापनको चुनौती

**शुक्रऋषि चौलागाईं**
काठमाडौँ, १७ फागुन (रासस)।

सनातन धर्म मान्नेहरूले जनावरलाई भगवान्सरह मान्दछन्। तिहारमा गाई, कुकुर, गोरुलाई पूजा गर्ने पनि गर्दछन् तर अघिपछि तिनै जनावरलाई घरबाट बाहिर छाडिदिने, लखेटिदिने पनि गरेको पाइन्छ। पशुधनीले गोठबाट निकालेका/छाडेका चौपाया नै सडक, चोकमा आएका हुन्। छाडा चौपायाको व्यवस्थापन नै अहिले मुख्य टाउको दुखाइको विषय बनेको छ। लुम्बिनी प्रदेशका ठूला सहर नेपालगञ्ज, बुटवल, भैरहवा, तुलसीपुर, तौलिहवा, घोराही, कोहलपुर, परासीलगायतका सहरका लागि अहिले मुख्य चुनौतीका रूपमा छाडा चौपाया रहेको छ।

सहर र राजमार्ग छेउछाउमा गाई, गोरुलगायतका छाडा चौपायाको बिगबिगी छ। नेपालगञ्जमा त झन् गाईगोरुसँगै गधा, घोडासमेत सडकमै देखिन्छन्। छाडा चौपायाहरू सवारीसाधन नै अवरुद्ध हुनेगरी बस्ने गरेका छन्। छाडा चौपायाका कारण दुर्घटनाको जोखिम पनि बढ्दो छ। छाडा चौपाया नियन्त्रणमा स्थानीय सरकार उदासिन भएको भन्दै सामाजिक सञ्जालमा आक्रोश व्यक्त गरिएको पाइन्छ। छाडा चौपायाको नियन्त्रण र व्यवस्थापनमा पालिकालाई थप सकस भइरहेको छ ।

**गाई/गोरुको महत्व**

हिन्दू र गाई/गोरु परिपूरक हुन्भन्दा हुन्छ। गाईबिना हिन्दू र हिन्दूबिना गाई परिकल्पना गर्न सकिन्न। अर्कोतिर गाई गुण नै गुणले भरिपूर्ण जनावर पनि हो। गाईलाई हिन्दू धर्ममा लक्ष्मी पनि भनिन्छ। यमपञ्चकको तेस्रो दिन लक्ष्मीको रूपमा गाईलाई पुजिन्छ पनि। गाईबिना स्वर्ग गइँदैन भन्ने मान्यताअनुसार हिन्दूहरूले जीवनको अन्तिमकालमा गौदान गर्ने गर्दछन्। गरुड पुराणअनुसार गाईको पुच्छर समातेर हिन्दूहरू बैतरणी नदी तरी स्वर्ग जान्छन् भन्ने विश्वास छ। गाई पूजाले करोडौंको धर्म हुन्छ भन्ने मान्यता पनि छ।

हिन्दूहरूका हरेक खाले संस्कारमा गाईको गउँत प्रयोग गरिन्छ। विशेषतः शुद्ध हुनलाई गउँत चाहिन्छ। पवित्र कार्यमा शुद्ध पार्न गाईको गोबर पनि चाहिन्छ। गाईको दूध सबैभन्दा पोसिलो हुन्छ। गाईको दूध बालबालिका र वृद्धवृद्धाको लागि झनै फाइदाजनक हुन्छ। खेतीपातीको लागि गाई/गोरुको गोबर/गहुँत मलिलो मानिन्छ। हिन्दू धर्मालम्वीहरूले गोरुलाई पनि पूजा गर्दछन्।

गोरु पनि सडकमै छाडिएको पाइन्छ। मुख्यतः खेतबारी जोत्नको लागि प्रयोग गरिने भए पनि अन्य समयमा पाल्न गाऱ्हो हुने भएपछि गोरु पनि सडकमै छोडिएको हो। जग्गा जोत्न गोरुको छुट्टै भूमिका हुन्छ। सडकमा छाडिएका साँडेको पनि आफ्नै महत्व छ। भगवान शिवजीको बाहन नन्दी भनी पूजा गर्ने गरी आशीर्वाद माग्ने चलन छ। गाई, गोरुको मललाई परम्परागत मलका रूपमा लिइए पनि खेतीबाली अन्न उब्जनीमा यसको प्रभावकारिता देखिन्छ। अर्गानिक मलका रूपमा यसले व्यापकता पाउँदै गएको छ। गोवर र गौ मूत्रबाट पनि आर्थिक लाभ लिन सकिन्छ। आयुर्वेदका अनुसार गौमुत्रबाट क्यान्सरलगायतका बिरामीले लाभ लिन सक्ने बताइएको छ। पछिल्लो समय वैज्ञानिकहरूले यसको पुष्ट पनि गरेका छन्।

**किन छाडिन्छन् गाई/गोरु ?**

पशुधनीले आफूले पालेका चौपाय किन सडकमा पुऱ्याउन्छन ? पशुरुहरू किन सडकमा ल्याइए ? पछिल्लो समय सडकमा विशेषगरी गाई, गोरु छोडने चलन बढ्दैछ। दूध देउञ्जेल पाल्ने, दूध दिन छाडेपछि गाई सडकमा छाडिदिने चलन छ। बाच्छी दूधका लागि पाल्ने तर बाच्छाहरू सडकमै पुऱ्याइदिने पनि गरिन्छ। चाड पर्ब तथा सामाजिक कार्यमा गाई चाहिने हाम्रो समाज, गाई मर्दा भने रमिते झैं हुन्छ । नाग पञ्चमीमा गोबर खोज्न हिड्ने। नागलाई दूध चढाउने। पितृ कार्य, बैबाहिक कार्य सबै काममा गाई चाहिने अनि एक मुठा घाँस दिएर पाल्न भने तयार नहुने, अचम्मको छ- हाम्रो समाज। पितृ उद्दारमा हजारौं रुपिया दान दिन तयार छ। एउटा भोको गाईलाई खुवाउन तयार छैन। भैंसी किन सडकमा छाडा छोड्दैनन्? बाख्रा किन छाडा छोडिएन? किनभने भैंसीको मासु खान्छन्। बाख्राको पनि मासु बिक्री हुन्छ। नगद आउँछ। तर गाईबाट के मिल्छ ?

गाई/गोरु घरपालुवा जनावर हो। जहाँ छाडे पनि यो बस्ती छेउकै सडकमा आउँछ। यिनीहरूले सुख्खा ठाउँ मन पराउँछन्। त्यही भएर सडकमै बस्छन्। अहिले सडकका गाई वस्तु नियन्त्रण गर्दै काञ्जीहाउसमा पुऱ्याइए पनि सडकमा वेवारिस अवस्थामा छाडिने गाई गोरुको सङ्ख्यामा कमी आएको छैन। पशु धनीको पहिचानको अभावमा अहिले छाडा पशु बढेको हो। बजार सडकमा गाई/गोरु कति छन् ? भन्ने नै यकिन छैन। पछिल्लो समय त भारतीय सीमाबाट पनि गाई, गोरुहरू आएको अनुमान गरिएको छ। काम लाग्दाको भाँडा नचाहिंदाको ठाँडा भने झैं काम छउन्जेल गाईवस्तु पुज्ने, पाल्ने अनि काम सकिए, सडकमा फ्याँकीदिने प्रवृत्ति छ। यो हिन्दू मात्र हैन, मानव संस्कृति पनि होइन।

**व्यवस्थापनको पहल खै ?**

जहाँ समस्या छ, त्यहाँ समाधान पनि छ। समाधान बिनाको समस्या कहीँ हुँदैन। छाडा चौपायाको पनि समाधान छ तर पुरानै सोच र शैलीले मात्र सम्भव छैन। अहिलेको चुनौती भनेको गाई वस्तुलाई सडकमै आउन नदिनु र आएकालाई संरक्षण गर्नु नै हो। सडकका गाई वस्तु काञ्जीहाउस/आश्रयस्थल पुऱ्याएर मात्र पालिकाको दायित्व पूरा भएको ठहरिदैन। कतिपय पालिकाले पशु पक्रने र कान्जीहाउस पुऱ्याउने गरिरहेकै छन् तर यो दीर्घकालीन उपाय हैन। काञ्जीहाउसमा राखिएका गाई खानै नपाएर मरिरहेका समाचार पनि बेलाबेला आइरहेको छ। खान नपाएर पेट्मा ग्यास भरिएर उपचारमा समेत समस्या आएको छ। काञ्जीहाउस ठेक्का प्रक्रियामार्फत सञ्चालन गरिनुपर्छ।

पशु सडकमा आउन नदिन र आएका पशु नियन्त्रण गर्न नयाँ सोच र विधि अपनाउन जरुरी छ। स्थानीय कानुन समेत बनाउन सक्ने सरकारले सम्वद्ध विज्ञ र सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा पहलकदमी लिन अब ढिलाई गर्नु हुँदैन। प्रथमतः सडकमा पशु छोड्नै दिन हुँदैन। छाडा पशुलाई कारवाही हैन, पशुधनीको पहिचान गरेर निजलाई कारवाही गरिनुपर्छ। कारवाहीका लागि नयाँ मापदण्ड पनि बनाइनु पर्छ। पशु चौपाया पालनमा पनि मापदण्ड बनाउनु पर्ने हुन्छ। अनुमतिबिना गाईलगायतका चौपाया पालन गर्न बजार क्षेत्रमा रोक लगाइनु पर्छ। जनावरको 'ट्याग' गरेर लगत राख्ने अनि पशुधनीलाई कारबाहीको दायरामा ल्याउने गर्नु पर्छ। गाई/गोरुलाई सडकमा छाडेर पशु धनीले हिंसामाथि हिंसा गरिरहेका छन्। गाई वस्तुलाई सडकमा पुऱ्याइनु अबोध, निरीह प्राणी माथिको अत्याचार पनि हो। यस्ता पशुधनीलाई कानूनी रूपमा कारबाही र सामाजिक रूपमा हतोत्साही गरिनुपर्छ। गाईसहितका पशु चौपायाको व्यवस्थापनका लागि पर्याप्त जग्गा भएको भौतिक संरचनासहितको आश्रयस्थल बनाउनु पर्छ।

केही सहरमा काञ्जीहाउस, आश्रयस्थल निर्माण त गरिएका छन् तर तिनको प्रभावकारी व्यवस्थापन र दीर्घकालीन स्थायित्व भने खोजिएको छैन। फुल्टेक्रास्थित काञ्जीहाउस साँघुरो भएपछि नेपालगञ्ज उपमहानगरपालिकाले केही वर्षअघि वडा नं २१ मा कान्जीहाउस सञ्चालनमा ल्यायो। केही कर्मचारी खटाएर गाईगोरुलाई कान्जीहाउसमा त थुनियो तर तिनीहरूका लागि आवश्यक खानेकुराको सही व्यवस्थापन गर्न अहिले पनि हम्मेहम्मे छ।

तिलोत्तमा नगरपालिका-१ र ८ को बीचमा कहरिया सामुदायिक वनमा गौशाला बनाएर छाडा गाईवस्तु राखिएको छ। यस्तै घोराहीमा पनि सामुदायिक वनको सहयोगमा छाडा पशु चौपाया नियन्त्रण गरिएको छ। छाडा चौपायाको समस्या दीर्घकालीन समाधान गर्न बुटवल उपमहानगरपालिकाले छिमेकी पालिकाहरूसँग समन्वय गरी प्रदेशस्तरको गौ संरक्षण केन्द्र बनाउने योजना बनाएको छ तर खासै पहल भने गरेको छैन। यस्तै तौलिहवामा सडकमै गाईगोरुको बथान देखिन्छ। तर नगरपालिकाले खास पहल गर्न सकेको छैन। यस्तै अन्य पालिकाले पनि छाडा चौपाया एउटा ठाउँबाट अर्को ठाउँ धपाउनेबाहेक ठोस पहल

***बाँकी अन्तिम पृष्ठमा***

## विश्व समाचार

### भारतमा सडक दुर्घटनामा १५ जनाको मृत्यु

नयाँदिल्ली, १७ फागुन (रासस/सिन्ह्वा)।

भारतको मध्य प्रदेश राज्यमा बिहीबार भएको दुर्घटनामा परी पाँच महिलासहित कम्तीमा १५ जनाको मृत्यु भएको भारतीय प्रहरीले जनाएको छ। उक्त दुर्घटनामा २० जना घाइते भएका स्थानीय प्रहरीले जानकारी दिएको छ। मध्य प्रदेश अन्तर्गत मण्डला जिल्ला बिछिया इलाकामा गाडी अनियन्त्रित भई पल्टिँदा दुर्घटना भएको हो। घाइतेहरूमध्ये केहीलाई स्थानीय अस्पतालहरूमा उपचारका लागि भर्ना गरिएको छ भने केहीको अवस्था गम्भीर रहेकोले मृतकको सङ्ख्या अझै बढ्न सक्ने आशङ्का गरिएको प्रहरीले जनाएको छ। पीडितहरू सोही गाउँका हुन् र नजिकैको ठाउँमा आयोजित विवाहपूर्वको समारोहबाट फर्किरहेका थिए। राष्ट्रपति द्रौपदी मुर्मू, प्रधानमन्त्री नरेन्द्र मोदी र अन्य वरिष्ठ नेताहरूले यस दुर्घटनामा मानवीय क्षतिप्रति दुःख व्यक्त गरेका छन्।

### दुई सय ९० सदस्यका लागि १५ हजारभन्दा बढी प्रतिस्पर्धामा

तेहरान, १७ फागुन (रासस/एएफपी)।

इरानी संसद्का २९० सदस्यका लागि १५ हजारभन्दा बढी प्रतिस्पर्धीले मनोनयन दर्ता गरेका छन्। इरानको संवैधानिक परिषद्का प्रवक्ता हादी ताहान नाजिफले शुक्रबार हुने निर्वाचनमा इरानी संसद्को २९० सिटका लागि विभिन्न क्षेत्रका १५ हजारभन्दा बढी उम्मेदवारले प्रतिस्पर्धा गर्ने बताउनुभएको छ। शुक्रबार हुने १२ औं संसदीय र छैटौं एसेम्ब्ली अफ एक्सपर्ट्स को निर्वाचनको पूर्वसन्ध्यामा आयोजित पत्रकार सम्मेलनमा इरानको राजधानी तेहरानमा नाजिफले निर्वाचनमा नयाँ नेतृत्व चयनका लागि स्वस्थ प्रतिस्पर्धा हुनेमा कुनै आशङ्का नगर्न विश्व समुदायसँग आग्रह गर्नुभएको छ। नाजिफका अनुसार उम्मेदवारको उमेर ३० देखि ७५ वर्षको हुनुपर्छ र दर्ता भएकामध्ये करिब ७५ प्रतिशत निर्वाचनमा भाग लिन योग्य हुनेछन्। सन् १९९० को दशकमा जन्मिएका करिब ४०० र सन् १९८० को दशकमा जन्मिएका करिब तीन हजारभन्दा बढी उम्मेदवार रहेका इरानी अधिकारीले बताएका छन्।

उम्मेदवारमध्ये १३ प्रतिशत महिला उम्मेदवार रहेका छन्। उहाँले वकिल, न्यायाधीश, शिक्षक र चिकित्सकलगायत विभिन्न क्षेत्रमा चर्चित व्यक्तिहरू निर्वाचन प्रतिस्पर्धामा सामेल भएका उहाँले बताउनुभयो। प्रवक्ताका अनुसार संवैधानिक परिषद्ले निर्वाचनका बेला देशभरका करिब ६० हजार मतदान केन्द्रमा अनुगमन र पर्यवेक्षकका रूपमा काम गर्न करिब दुई लाख ३० हजार इरानी नागरिकलाई तालिम दिएको छ। "सन् १९७९ को इस्लामिक क्रान्तिको विजयपछि धार्मिक अल्पसङ्ख्यकहरूले इरानी संसद्मा आ-आफ्नो स्थान पाएका छन्," उहाँले भन्नुभयो। त्यसैगरी आठ वर्षे कार्यकाल रहेको 'एसेम्ब्ली अफ एक्सपर्ट्स' का ८८ सदस्यका लागि १४४ जनाले प्रतिस्पर्धा गर्नेछन्। नाजिफले दुई लाख ५० हजार सेनालाई निर्वाचनमा सुरक्षा सुनिश्चित गर्ने जिम्मेवारी दिइएको बताउनुभयो। इरानको निर्वाचन कार्यालयले यसै महिनाको सुरूमा दिएको जानकारीअनुसार यी दुई निर्वाचनमा मतदानका लागि कुल छ करोड ११ लाख ७० हजार मतदाताले योग्यताको मापदण्ड पूरा गरेका छन्।

### रूसद्वारा ४८ युक्रेनी ड्रोन नष्ट

मस्को, १७ फागुन (रासस/सिन्ह्वा)।

पश्चिमी सेनाको समूहको रूसी वायु रक्षा बलले विगत २४ घण्टामा ४८ युक्रेनी ड्रोनहरू नष्ट गरेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्। पश्चिमी सेनाको समूहको हवाई रक्षाको क्रममा एकै दिनमा ४८ वटा मानवरहित हवाई└ सवारी साधनहरू नष्ट गरेको रूसको तास समाचार एजेन्सीले सेनाको प्रेस केन्द्रका प्रमुख इभान बिगमालाई उद्धृत गर्दै जनाएको छ। पूर्वी युक्रेनस्थित कुप्यान्स्क खार्कोभ क्षेत्रमा रहेको सहर हो। युक्रेनमा १४५ जनाको ज्यान गएको बताउँदै रूसी हवाई आक्रमणमा व्यापक हतियारको प्रयोग गरिएको बिगमाले जनाएको छ। आक्रमण सम्बनधमा युक्रेनले हालसम्म कुनै प्रतिक्रिया जनाएको छैन।

### गाजामा तीस हजारभन्दा बढी प्यालेस्टिनीको मृत्यु

गाजा, १७ फागुन (रासस/सिन्ह्वा)।

गाजा पट्टीमा जारी इजरायली आक्रमणबाट प्यालेस्टिनीहरूको मृत्युको सङ्ख्या ३० हजार नाघेको प्यालेस्टिनी चिकित्सा स्रोतले बिहीबार बताएका छन्।गत २४ घन्टामा इजरायली लडाकू विमान र तोपखानाले गाजापट्टीका विभिन्न क्षेत्रमा गरेको आक्रमणका कारण दर्जनौंको मृत्यु भएको र गाजास्थित अस्पतालमा लगिएको स्रोतले सिन्ह्वासँग बताएको छ। सन् २०२३ को अक्टोबर ७ मा इजरायल-हमास द्वन्द्व सुरु भएदेखि मृत्यु हुनेको सङ्ख्या ३० हजारभन्दा बढी पुग्नुका साथै ७० हजारभन्दा बढी घाइते भएको बताइएको छ।सात अक्टोबर २०२३ मा दक्षिणी इजरायली सीमामा हमासले गरेको आक्रमणको बदलामा इजरायलले गाजा पट्टीमा हमासविरुद्ध ठूलो मात्रामा आक्रमण गरिरहेको छ। जसमा करिब एक हजार २०० मानिस मारिएका थिए भने २०० भन्दा बढीलाई बन्धक बनाइएको थियो।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**बलानबिहुल गाउँपालिका, सप्तरी**

# मन्त्रालयहरुको कार्यसम्पादन कमजोर : प्रधानमन्त्री



**दैनिक समाचारदाता**
**काठमाडौं, १७ फागुन ।**

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मन्त्रालयहरुको कार्यसम्पादन कमजोर भएको भन्दै असन्तुष्टि जनाएका छन् । चालु आर्थिक वर्ष २०८०र८१ को नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयनको ७ महिने समीक्षा बैठकमा प्रधानमन्त्री दाहालले कार्यसम्पादन मूल्यांकन सम्झौतापछि तेस्रोपटक गरिएको समीक्षामा कार्यसम्पादनस्तरको स्थितिबाट सन्तोष लिने अवस्था नरेको बताएका हुन् ।

'यस अवधिमा केही उल्लेख्य काम त भएका छन्, तर निर्धारित लक्ष्यअनुसार कार्य प्रगति भएको देखिएन,' मन्त्री र सचिवहरु सहभागी बैठकले प्रधानमन्त्रीभने । प्रधानमन्त्रीले माघसम्म सम्पन्न हुनुपर्ने १ हजार ७ सय ७७ माइलस्टोनमध्ये ३६ प्रतिशत मात्रै सकिएको र ५१ प्रतिशत चालु अवस्थामा रहेको उनले बताए । उनका अनुसार १४ प्रतिशत त सुरु नै नभएको देखिएको छ ।

'बिडम्वना, चालु आर्थिक बर्षका कुल ३ हजार ४ सय २१ तय भएका माइलस्टोनमध्ये हालसम्म ६ सय ३३ मात्र सम्पन्न हुनु र चालु आर्थिक वर्षको ९ महिना बितिसक्दा पनि २ सय ४५ माइलस्टोन अझै सुरू हुन नसक्नुले हाम्रो कार्यक्षमतामा नै प्रश्न उठेको छ,' उनले भने ।

अर्थतन्त्रमा समष्टिगत मागको सिर्जना गर्दै चलायमान बनाउन सरकारी खर्च बढ्नु जरूरी रहेको औंल्याउँदै प्रधानमन्त्रीले चालु आर्थिक वर्षको ७ महिना समय बितिसक्दा पनि सार्वजनिक खर्च भने ४२ प्रतिशत मात्र हुनु सन्तोषजनक नभएको बताए ।

# केन्द्रीय कारागारका कैदीबन्दी स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध

काठमाडौँ, १७ फागुन (रासस) ।

केन्द्रीय कारागारका कैदीबन्दीलाई स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गरिएको छ ।

कारागार व्यवस्थापन विभागले कारागारभित्र रहेका कैदीबन्दीको स्वास्थ्य उपचारमा सहज होस् भन्ने उद्देश्यले फागुनदेखि लागू हुने गरी स्वास्थ्य बीमा लागू गरिएको हो । केन्द्रीय कारागार कार्यालयका स्वास्थ्य कार्यक्रम प्रमुख कल्पना ज्ञवालीले केन्द्रीय कारागारमा एक वर्षभन्दा बढी कैद भुक्तान गरेका कैदीबन्दीलाई लक्षित गरी स्वास्थ्य बीमा कार्यक्रम लागू गरिएको जानकारी दिनुभयो ।

विभागले एकजना कैदीबन्दीको लागि रु तीन हजार ५०० उपलब्ध गराएर स्वास्थ्य बीमा गरिदिएको हो । कैद भुक्तान गरेर कारागार बाहिर निस्किएपछि उक्त बीमा स्वतः खारेज हुने उहाँले बताउनुभयो । कारागार प्रशासक ललित बस्नेतले कैदीबन्दीको स्वास्थ्यका लागि सहयोग पुग्ने उद्देश्यले कैदीबन्दीका लागि स्वास्थ्य बीमा कार्यक्रम लागू गरिएको बताउनुभयो । उक्त कार्यक्रम सञ्चालन भएसँगै अब कैदीबन्दीले रु एक लाख बराबरको उपचार बीमाबाट गर्न पाउने उहाँको भनाइ थियो ।

यसबाहेक सरकारले केन्द्रीय कारागार अस्पतालमार्फत कैदीबन्दीको उपचार गर्दै आएको छ । तीस शचयाको केन्द्रीय कारागार अस्पतालमा उपचारका लागि सम्भव नभएका रोगका बिरामीलाई विभिन्न २५ अस्पतालसँग सम्झौता गरेर कैदीबन्दीको उपचार गर्दै आइरहेको कारागार प्रशासक बस्नेतले बताउनुभयो ।

कारागार अस्पतालले हाल ओपिडी, ल्याब, एक्सरे, इसिजी, अल्ट्रासाउन्ड, डेन्टल, मनोरोग, छालारोग र आँखा रोगलगायतका रोगको उपचार गर्दै आएको छ । सो अस्पतालले बेलाबेलामा कैदीबन्दीका लागि स्वास्थ्य शिविर सञ्चालन गर्नुका साथै कैदीबन्दीलाई खानपान, जीवनयापन, रहनसहनलगायतका कुरासमेत सिकाउँदै आइरहेको छ ।

केन्द्रीय कारागार र त्यस मातहत हाल तीन हजार ७२१ कैदीबन्दी रहेका छन् । जसअन्तर्गत केन्द्र जेलमा एक हजार ८७३, भद्र जेलमा एक हजार १६७, महिला जेलमा ४५३, बाल सुधार गृह भक्तपुरमा २२८ र ११ नाबालक छन् ।

### *छाडा चौपाया...*

गरेको देखिँदैन ।

छाडा चौपाया नियन्त्रणको प्रयास गरे पनि दीर्घकालीनरूपमा समाधान गर्न सकिएको छैन । एउटा पालिकाले मात्रै चाहेर समाधान नहुने भएकाले सामूहिक प्रयत्नस्वरुप प्रदेश सरकारले नै अगुवाइ गर्नुपर्ने हुन्छ । स्थानीय तहले गर्दा कतै वनसँग कुरा नमिल्ने, कतै राजनीतिकरण हुनेजस्ता समस्या देखिएकाले प्रदेशले नै गौशाला बनाउँदा दीर्घकालीनरूपमा समाधान निकाल्न सकिन्छ । तर नीतिगतरूपमा स्थानीय सरकारको अधिकार क्षेत्रमा पर्ने भएकाले प्रदेशस्तरको गौशाला निर्माण गर्न नमिल्ने देखिन्छ । छाडा चौपाया व्यवस्थापनको समस्या छ भन्ने सबैलाई थाहा छ । समस्याबाट भाग्ने छुट कसैलाई पनि छैन । यसर्थ समाधान खोज्न लाग्ने हो भने स्थानीय सरकार र प्रदेश सरकारबीचको छलफलबाटै निकास खोजिनुपर्छ । नीतिगत पहलबाटै दीर्घकालीन व्यवस्थापन खोजिनुपर्छ ।*(लेखक नेपालगञ्जका क्रियाशील पत्रकार हुनुहुन्छ)*

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**विष्णुपुर गाउँपालिका, सप्तरी**

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com,* **वेवसाइट** : *rajbirajdainik.com.np*